
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ३ गते बिहीबार ❑ 19 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकी प्रदेशसभामा दुई विधेयकमाथि सैद्धान्तिक छलफल

पोखरापत्र संवाददाता
पोखरा, २ असोज



गण्डकी प्रदेशसभाको आजको बैठकमा 'गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' र 'केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक' माथि सैद्धान्तिक छलफल सुरु भएको छ ।

उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल र मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेका तर्फबाट सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले क्रमशः ती विधेयक सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्तुत गर्नुभएको थियो । छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले साझेदारी फर्मसम्बन्धी प्रदेशको आफ्नै कानुन नहुँदा सङ्घीय कानुनमा निर्भर रहनुपरेको अवस्थामा उक्त कानुन अपरिहार्य रहेको बताउनुभयो । निजी क्षेत्रलाई विश्वासमा लिई लगानीको वातावरण सिर्जना नगरेसम्म मुलुकले आर्थिक समृद्धि हासिल गर्न नसक्ने उहाँको भनाइ छ । प्रदेश सरकारले राजस्व वृद्धिमा ध्यान दिनुपर्ने उहाँको बताउनुभयो । प्रदेशसभा सदस्य यशोदा रिमालले साझेदारी फर्मसम्बन्धी कानुनले प्रदेशभित्र आयआर्जन र रोजगारी सिर्जनाका गतिविधि सञ्चालन गर्न सहजता थपिने विश्वास व्यक्त गर्नुभयो । लगानी वृद्धि, उद्योगधन्दाको स्थापना, उत्पादन वृद्धि र निर्यातको वातावरण भएमा मात्र प्रदेश आत्मनिर्भर उहाँको भनाइ छ ।

प्रदेशसभा सदस्य कुसुम बुढा मगरले युवाको विदेश पलायनलाई रोक्न स्वदेशभित्रै व्यवसाय प्रवर्द्धनका नीति र कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो । उहाँले उद्यम तथा व्यवसाय सञ्चालनमा सहज कानुनी व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो । दर्ता दस्तुर र नवीकरण शुल्क बढी हुँदा साना तथा मझौला उद्योगहरु बन्द हुने अवस्था रहेकाले तिनको दिगोपनाका लागि प्रदेश सरकारले नीतिगत सुधार गर्नुपर्ने उहाँले बताउनुभयो ।

प्रदेशसभा सदस्य बिन्दु पौडेल, सीता कुमारी सुन्दासलगायतले विधेयकमाथि सैद्धान्तिक छलफलमा भाग लिनुभएको थियो । छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले प्राप्त सुझावलाई समेटेर ऐन बनाइने बताउनुभयो ।

'केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक' माथिको सैद्धान्तिक छलफलमा प्रदेशसभा सदस्य महेश भट्टराई, बेदबहादुर गुरुङलगायतले भाग लिनुभएको थियो । छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले निमामति सेवा ऐन, स्थानीय सेवासम्बन्धी, लोकसेवा आयोग, खानेपानी तथा सरसफाइ ऐन र गण्डकी प्रदेश वन ऐन संशोधन गर्न लागिएको बताउनुभयो ।

## पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा साढे चार लाख बढीले लिए सेवा

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा गत आर्थिक वर्ष २०८०/८१ मा चार लाख ५५ हजार पाँच सय छ जनाले स्वास्थ्य उपचार सेवा लिएका छन् । अस्पतालका मेडिकल रेकर्ड अधिकृत तीर्थ गौतमका अनुसार गत एक वर्षमा ओपिडीमा चार लाख छ हजार सात सय २९ र इमर्जेन्सीमा ४८ हजार सात सय ७७ जनाले सेवा लिएका हुन् । ओपिडी सेवा लिनेमध्येमा मेडिकलतर्फ सबैभन्दा बढी छन् ।

मेडिकलमा एक लाख २६ हजार आठ सय ४५, हाडजोर्नीतर्फ ४८ हजार नौ सय ८४, गर्भवती जाँच ३७ हजार नौ सय ४२, बालरोग ३२ हजार दुई सय ४०, सर्जरीमा २७ हजार चार सय ७५ र प्रसूतिमा २५ हजार आठ सय ८७ जनाले सेवा लिएका छन् । यसैगरी आव २०७८/७९ मा ओपिडीमा दुई लाख ७२ हजार तीन सय ५९ र इमर्जेन्सीमा ४० हजार सात सय ३९ जनाले सेवा लिएका थिए भने आव २०७९/८० मा ओपिडीमा तीन लाख ५६ हजार चार सय दुई तथा इमर्जेन्सीमा ५४ हजार नौ सय ७१ जनाले सेवा लिएको गौतमले जानकारी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सामुदायिक वन समृद्धिको आधार-वस्याल

पोखरापत्र संवाददाता
पोखरा, २ असोज



गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल वस्यालले सामुदायिक वन समृद्धिको आधार बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनु भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेशद्धारा आज पोखरामा आयोजित वदलिदो परिस्थितिमा सामुदायिक वनको भुमिका बिषयक कार्यशाला गोष्ठीको आज उद्घाटन गर्दै उहाँले सो कुरा बताउनु भएको हो । सामुदायिक वनको हक, अधिकार सुनिश्चित गर्दै प्राकृतिक श्रोतलाई उपयोग गर्ने खालको नीति निर्माणमा प्रदेश सरकार प्रतिवद्ध रहेको बताउँदै उहाँले वनलाई पर्यापर्यटनसंग जोड्नु पर्ने आवश्यकता औल्याउनुभयो । सम्भाव्यता अध्ययनका आधारमा गुरुयोजना वनाएर वनलाई रोगजारसंग जोड्नु पर्नेमा जोड दिदै उहाँले त्यसका लागि सरकार, वन महासंघ र निजी क्षेत्रको समन्वय र सहकार्य अपरिहार्य भएको बताउनुभयो । गाउँपालिका महासंघ गण्डकी प्रदेशका अध्यक्ष एवम् रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले सामुदायिक वनलाई स्थानीय सरकारको जिम्मामा दिन संघ र प्रदेशसंग माग गर्नुभयो । सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय अध्यक्ष ठाकुर भण्डारीले सामुदायिक वन समाजवादको प्रवेश विन्दु भएको बताउँदै प्राकृतिक श्रोतको उपयोगका लागि तीनै तहका सरकार जिम्मेवार हुनु पर्नेमा जोड दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हिसान कास्कीको अध्यक्षमा दिवाकर जैसी

पोखरापत्र संवाददाता
पोखरा, २ असोज



हिसान कास्कीको नवौ अधिवेशन तथा २२ औं साधारण सभाले दिवाकर जैसीलाई अध्यक्षमा चयन गरेको छ ।

हालै भएको अधिवेशनले उपाध्यक्ष द्वयमा ढाकाराम कँडेल, पुरन कुँवर, सचिवमा किरण सापकोटा, कोषाध्यक्षमा राजेन्द्रमणी पौडेल, सहसचिवमा आनन्द अधिकारीलाई चयन गरेको छ । त्यसैगरी सदस्यहरुमा क्रमश आमोद कोइराला( विश्वविद्यालय तर्फ), विकास पहारी (विश्वविद्यालय तर्फ), प्रेमराज अधिकारी, नविन बराल, खिमबहादुर गुरुङ, शिवबहादुर रेग्मी, शिवबहादुर भण्डारी, नारायण आचार्य, टेकनाथ पौडेल, विकल पौडेल र शर्मिला गुरुङ रहेका छन् । अध्यक्ष जैसी पोखरा महानगरपालिका वडा न १२ स्थित हिल प्वाइन्ट स्कुलका प्रधानाध्यापक हुन् । हिसानका केन्द्रिय अध्यक्ष रमेश सिलवालले सभाको उद्घाटन गरेको थिए । हिसान कास्की अध्यक्ष यमबहादुर रोकाको अध्यक्षतामा भएको कार्यक्रममा सचिव ढाकाराम कँडेलले सञ्चालन र उपाध्यक्ष दिवाकर जैसीले स्वागत गरेका थिए । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई कास्की प्रमुख लोकनाथ आचार्य, प्रदेश खेलकुद परिषद उपाध्यक्ष ध्वजकुमार गुरुङ, प्याब्सन केन्द्रीय सदस्य कृष्ण केसी, हिसान धौलागिरी अध्यक्ष बालकृष्ण शर्मा, प्याब्सन कास्की अध्यक्ष मथुरा प्रसाद पौडेल, कास्की जिल्ला खेलकुद समिति अध्यक्ष तोरणबहादुर बानियाँ र एनप्याब्सन कास्की अध्यक्ष हेमन्तराज अधिकारी लगायतले शुभकामना व्यक्त गरेका थिए । नवनिर्वाचित अध्यक्ष जैसीले अहिलेको परिवेशमा व्यावहारिक शिक्षामा जोड दिनुपर्ने भने । नवनिर्वाचित समितिलाई हिसान केन्द्रीय सदस्य बाबुराम पन्तले शुभकामना व्यक्त गरे । हिसान केन्द्रीय सल्लाहकार सूर्यबहादुर जिसी संयोजक रहेको समितले निर्वाचन सम्पन्न गराएको हो ।

## पोखरामा असोज ८ देखि क्लबस्तरीय महिला तथा पुरुष भलिबल

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

भलिबल खेलको विकाससँगै नयाँ खेलाडीको प्रतिभालाई प्रस्फुटन गर्नका लागि गण्डकी प्रदेशको राजधानी पोखरामा आठौं संस्करणको खुला क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिताको तयारी गरिएको छ ।

पोखरा भलिबल प्रशिक्षण केन्द्रको आठौं वार्षिकोत्सवको अवसरमा केन्द्रले यही असोज ९ देखि १३ गतेसम्म नदीपुरस्थित छन्त्याल समाजघरको भलिबल कोर्टमा क्लबस्तरीय भलिबल प्रतियोगिता आयोजना गरिएको प्रतियोगिता संयोजक मनोज खड्काले बताउनुभयो ।

प्रतियोगितामा पुरुषतर्फका विजेताले नगद रु एक लाख ३० हजार, उपविजेताले रु ८० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी महिलातर्फको विजेताले नगद रु ५० हजार र उपविजेताले रु ३५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा महिला तथा पुरुषतर्फ विधागतर्फ उत्कृष्ट खेलाडी, स्पाइकर, ब्लकर, डिफेण्डर, सेटर, सर्भर र प्रशिक्षकले पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा पुरुषतर्फको टिममा राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गरेको सातौं, आठौं रनवौं प्रतियोगितामा सहभागितामा जनाएको तीन जना र महिलातर्फ दुई जना मात्र खेलाडी समावेश गर्न पाउने प्रतियोगिता संयोजक खड्काले बताउनुभयो ।

आयोजकका अनुसार पुरुषतर्फका खेल 'लिगकम नकआउट' र महिलातर्फको खेल 'नकआउट सिस्टम' मा सञ्चालन गरिने छ । विसं २०७३ मा स्थापना भएको पोखरा भलिबल प्रशिक्षण केन्द्रले नयाँ खेलाडी उत्पादनसँगै सामाजिक कार्यमा काम गर्दै आएको छ ।

प्रशिक्षण केन्द्रले गतवर्ष मिर्गौला पीडित सुरज गुरुङलाई मिर्गौला प्रत्यारोपण तथा उपचारका लागि रु एक लाख र मनकुमारी पुनलाई ब्लड क्यान्सर उपचारका लागि रु ३० हजार आर्थिक सहयोग गरेको थियो ।

प्रतियोगिता सम्पन्न गर्नका लागि रु १० लाख ३२ हजार खर्च हुने अनुमान रहेको आयोजकले जनाएको छ । प्रतियोगिता अवलोकन लागि दर्शकलाई दोस्रो दिनबाट टिकट दर कायम गरिने बताइन्छ ।

सुपथ मूल्यमा आकर्षक छपाई

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नदीपुरमा क्लबस्तरीय भलिबल प्रतियोगिता, उपाधि राशी १ लाख ३० हजार

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

पोखरामा आठौं संस्करणको खुल्ला क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता हुने भएको छ ।

पोखरा भलिबल प्रशिक्षण केन्द्रको आठौं वार्षिकोत्सवको अवसरमा प्रतियोगिता आयोजना गरिएको पोखरामा आज आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो । पोखरा ३ नदीपुर स्थित छन्तयाल समाजको खेल मैदानमा यही असोज ९ देखि १३ गतेसम्म खुल्ला क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता आयोजना गरिएको प्रतियोगिता संयोजक मनोज खड्काले बताए । 'भलिबल खेलको विकाससँगै नयाँ खेलाडीको प्रतिभालाई प्रस्फुटन गर्नका लागि पोखरा भलिबल प्रशिक्षण केन्द्रको आठौं वार्षिकोत्सवको अवसरमा प्रतियोगिता आयोजना गरिएको हो', संयोजक खड्काले भने, '




प्रतियोगिता पोखरा भलिबल प्रशिक्षण केन्द्रको आयोजना र ए फोर ग्राफिक्स डिजाइन एण्ड प्रिन्टिङ प्रेसको सहआयोजनामा यही असोज ९ देखि १३ गतेसम्म पोखरा-३ नदीपुरस्थित छन्त्याल समाजको भलिबल कोर्टमा हुनेछ ।' उनका अनुसार प्रतियोगितामा पुरुषतर्फका विजेताले नगद १ लाख ३० हजार, उपविजेताले ८० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । पुरुषतर्फ भलिबल प्रतियोगितामा सहभागिताको लागि एक टिमलाई ६ हजार ५ सय रुपैयाँ दर्ता शुल्क निर्धारण गरिएको छ । यस्तै महिलातर्फको विजेताले नगद ५० हजार र उपविजेताले ३५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । महिला भलिबल प्रतियोगितामा सहभागिताको लागि एक टिमलाई ४ हजार ५ सय रुपैयाँ दर्ता शुल्क निर्धारण गरिएको छ । प्रतियोगितामा महिला तथा पुरुषतर्फ विधागतर्फ उत्कृष्ट खेलाडी, स्पाइकर, ब्लकर, डिफेण्डर, सेटर, सर्भर र प्रशिक्षकले पुरस्कार प्राप्त गर्नेछन् । उक्त प्रतियोगितामा पुरुषतर्फ कुनै पनि १ टिममा राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गरेको सातौं,आठौं र नवौं प्रतियोगितामा सहभागिता जनाएको ३ जना र महिलातर्फ २ जना मात्र खेलाडी समावेश गर्न पाउने प्रतियोगिता संयोजक खड्काले बताए ।

उनका अनुसार पुरुषतर्फको खेल लिगकम नकआउट र महिलातर्फको खेल नकआउट सिस्टममा सञ्चालन गरिने छ ।

२०७३ सालमा स्थापना भएको पोखरा भलिबल प्रशिक्षण केन्द्रले नयाँ खेलाडी उत्पादनसँगै सामाजिक कार्यमा समेत काम गर्दै आएको छ । प्रशिक्षण केन्द्रले गतवर्ष मृगौला पीडित सुरज गुरुङलाई मृगौला प्रत्यारोपण तथा उपचारका लागि १लाख र मनकुमारी पुनलाई ब्लड क्यान्सर उपचारका लागि ३० हजार रुपैयाँ आर्थिक सहयोग गरेको जनाएको छ । प्रतियोगितामा १० लाख ३२ हजार रुपैयाँ खर्च हुने अनुमान रहेको आयोजकले जनाएको छ । प्रतियोगिता अवलोकन लागि दर्शकलाई दोस्रो दिनबाट टिकट दर कायम गरिने आयोजकले जनाएको छ ।

# ऋषिलिला पत्रकारिता पुरस्कारबाट पौडेललाई सम्मान गरिने

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

पोखरा बृद्धाश्रमद्वारा सञ्चालित "ऋषिलिला पत्रकारिता पुरस्कार-२०८१" बाट पत्रकार वासुदेव पौडेललाई सम्मान गरिने भएको छ । ज्येष्ठ नागरिकका क्षेत्रमा विशेष योगदान दिनु हुने कास्कीका ज्येष्ठ नागरिकहरु र सम्मानित हुन लाग्नु भएका पत्रकार पौडेललाई अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०८१ असोज १५ गते एक समारोहमा सम्मान गरिने भएको हो ।

पोखराका शैक्षिक एवम सामाजिक क्षेत्रमा बिशिष्ठ योगदान पुऱ्याउनु भएका प्रजातन्त्र सेनानी एवम पोखरा बृद्धाश्रम, सीतापाईलाका संस्थापक अध्यक्ष स्वर्गिय ऋषिकेशव पराजुली र उहाँका धर्मपत्नी लिलादेवी पराजुलीको स्मृतिमा उहाँका छोरा कुसुमकेशव पराजुलीद्वारा स्थापित उक्त पुरस्कार राष्ट्रिय समाचार समिति गण्डकी प्रदेशका प्रमुख समेत रहनुभएका पौडेललाई प्रदान गर्न लागिएको छ । पुरस्कारका लागि व्यक्तित्व छनौट गर्न अग्रज पत्रकार रविन्द्र वास्तोलाको संयोजकत्वमा समिति गठन गरिएको थियो । समितिमा अधिवक्ता वेदनाथ भण्डारी, पोखरा १५ का पुर्व वडासदस्य पार्वती थापा एवम् पदेन सदस्यमा बृद्धाश्रमका अध्यक्ष कुसुमकेशव



पराजुली र सचिव धर्मबहादुर गुरुङ रहनुभएको थियो । उक्त समितिको सिफारिसलाई पोखरा बृद्धाश्रम सञ्चालक समितिको बैठकले अनुमोदन गरेको बृद्धाश्रमका सचिव धर्म बहादुर गुरुङले जानकारी दिनुभयो । पत्रकारिताका माध्यमबाट पोखरा बृद्धाश्रमको समग्र उन्नयनका साथै ज्येष्ठ नागरिकको हक अधिकार संरक्षणका पक्षमा कलम चलाउने सञ्चारकर्मीलाई बृद्धाश्रमले सम्मान गर्दै आएको कुरा पोखरा बृद्धाश्रमका कोषाध्यक्ष भीम प्रसाद सुवेदीले बताउनु भएको छ । कोषाध्यक्ष सुवेदीका अनुसार पत्रकार बासुदेव पौडेललाई ५० हजार रुपैयाँ नगद प्रदान सहित दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिने जानकारी दिनुभयो । राष्ट्रिय समाचार समितिबाट दुई पटक वर्ष उत्कृष्ट आलेख पुरस्कार प्राप्त गर्नुभएका पौडेलले पत्रकारिताका माध्यमबाट समाजमा योगदान पुऱ्याएवापत दहचोक एकता सम्मान, चन्द्रागिरी पत्रकार सम्मान, अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कार, गाउँ पर्यटन पत्रकारिता पुरस्कार, लेखनाथ पत्रकारिता पुरस्कार, संरक्षण पत्रकारिता पुरस्कार प्राप्त गर्नुभएको थियो । उहाँ पर्यटन सम्बद्ध एनटिभिए, एगा, टेवान लगायत संघसंस्था, एग्रो टुरिज्म सहकारी, सिलिङ्गे महिला चेतना समूह, मिलनसार सहकारी लगायतबाट पुरस्कृत तथा सम्मानित बनिसक्नुभएको छ ।

बि.सं.२०६३ सालदेखि राससमा आवद्ध पौडेल त्यस अघि जनमन्थन साप्ताहिकमा स्तम्भ लेखनका साथै कीर्तिपुरबाट प्रकाशित इभिनिङ टाइम्स साप्ताहिकमा सह सम्पादक, स्वर्णिम सन्देश साप्ताहिकमा सम्पादकको जिम्मेवारी सम्हाल्नु भएको थियो । २०५३ सालमा स्थापना भई असहाय एवम् विपन्न ज्येष्ठ नागरिकको सेवा संरक्षणमा क्रियाशील रहँदै आएको बृद्धाश्रममा हाल देशका विभिन्न जिल्लाका ५० जना ज्येष्ठ नागरिक १० जना अपाङ्गता भएका व्यक्तिहरु एवम स्याहारकर्ताले आश्रय लिदै आउनुभएको छ । यस्का अतिरिक्त गण्डकी प्रदेशको ज्येष्ठ नागरिकका क्षेत्रमा अगुवा संस्था भएको नाताले आश्रमले बिशेष गरी पोखरा महानगरका ज्येष्ठ नागरिकलाई प्याथोलोजी, मनोपरामर्श र फिजियो थेरापिसेवा प्रदान गर्दै आएको छ ।

# भौतिक पूर्वाधार मन्त्री केसीद्धारा चौर अम्बोट झोलुंगे पुलको उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले पोखरा महानगरपालिका २५ मा बनेको चौर अम्बोट झोलुंगे पुलको उद्घाटन गरेका छन् ।

करिब ७५ लाखमा निर्माण भएको उक्त पुलको बुधबार मन्त्री केसीले उद्घाटन गरेका हुन् । उक्त पुल निर्माणका लागि आस्था निर्माण सेवाले गत चैतमा ७४ लाख ९४ हजार ५ सय रुपैयाँ सम्झौता गरेको थियो । पुल सम्झौताको ३ महिना अघि गत असार १९ गते निर्माण सम्पन्न भएको थियो । पुलको लम्बाइ १९८ मिटर र



चौडाइ एक मिटर छन् ।

पुलको उद्घाटन गर्दै मन्त्री केसीले पर्यटकीय र कृषिलाई आधारित मानेको चौर अम्बोट झोलुङ्गे पुल उद्घाटन गर्न पाउँदा निकै हर्षित भएको बताए । उनले सम्झौताअघि नै निर्माण सम्पन्न गर्ने निकाय लगाएत सबैलाई धन्यवाद दिए । उनले आगामी दिनमा पनि यस्ता विकास निर्माणका कार्यले निरन्तरता पाउने प्रतिवद्दता व्यक्त गरे । योजनाहरुको काम तीव्र गतिमा अगाडि बढाउन मन्त्रालय मातहतका कार्यालयलाई निर्देशन दिएको मन्त्री केसीले सुनाए । 'भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेशका मातहतमा रहेका सम्पूर्ण कार्यालयलाई सम्पूर्ण योजनाको काम तीव्र गतिमा गुणस्तर कायम गर्दै सुचारु गर्न निर्देशन दिएको छु,' उनले भने, 'आफ्नो क्षेत्रमा परेका योजनाहरू समयमा नै तोकिएको गुणस्तरमा सम्पन्न गर्नको लागि खबरदारी गर्नुहोला ।'कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य गणेशमान गुरुङ, पूर्वाधार विकास कार्यालय कास्कीका सिडिई सोभियत खड्का, कार्यवाहक वडाध्यक्ष धनाकुमारी तिमल्सिना पोखरेल तथा वडासदस्य, क्लब, आमासमूह लगाएत सहभागी थिए ।

# सहकारी छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

सरकारले 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१' कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले संसद्‌बाट पारित भएको सहकारीसम्बन्धी छानबिन विशेष समितिको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो । "संसद्‌ले पठाएको सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी छानबिन विशेष समितिको प्रतिवेदन २०८१ लाई कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरेको छ", उहाँले भन्नुभयो, "भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयलाई कार्यान्वयनका लागि पठाइन्छ ।" प्रतिनिधिसभाको गत भदौ ३१ गतेको बैठकमा 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१' पेश भएको थियो ।

समितिका सभापति सूर्यबहादुर थापाले प्रतिनिधिसभामा प्रस्तुत गर्नुभएको उक्त प्रतिवेदनलाई सभामुख देवराज घिमिरेले प्रतिवेदन आवश्यक कार्यान्वयनका लागि नेपाल सरकारलाई पठाउन संसद् सचिवालयलाई निर्देशन दिनुभयो । बैठकले वर्तमान सरकारको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धता कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

## पश्चिमाञ्चल ...

दिनुभयो । "अस्पतालमा देशका सात प्रदेश तथा ७७ वटै जिल्लाबाट बिरामीले सेवा लिएको देखिन्छ । बर्सेनि ओपिडी र इर्मेजेन्सीमा उपचारका लागि आउने बिरामीको सङ्ख्या बढेको छ । सेवाग्राही बढेसँगै अस्पतालको साधनस्रोत र क्षमता वृद्धि गर्नुपर्ने चुनौती थपिँदै गएको छ", गौतमले भन्नुभयो ।

अस्पतालका अनुसार गत आवमा २२ हजार एक सय ४७ जनाले अस्पतालमा भर्ना भएर सेवा लिएका छन् । यो सङ्ख्या आव २०७८/७९ मा २० हजार चार सय ६६ र आव २०७९/८० मा २२ हजार छ सय ८४ रहेको थियो । अस्पतालका अनुसार ओपिडी तथा आकस्मिक कक्षमा उपचार सेवा लिने बिरामीमध्ये सबैभन्दा बढी कास्की जिल्लाका छन् । त्यसपछि तनहुँ, स्याङ्जा, पर्वत, बाग्लुङ, म्याग्दी, लमजुङ, गोरखा, धादिङ र पाल्पाका नागरिकले सेवा लिएका छन् । अस्पतालले भौतिक पूर्वाधार विकाससँगैसँगै दक्ष जनशक्ति व्यवस्थापन र अत्याधुनिक स्वास्थ्य उपकरणसहित सेवा विस्तार र सुधारमा जोड दिएको अस्पतालले जनाएको छ । अस्पतालले मिर्गौला प्रत्यारोपणलगायत केही विशिष्ट उपचार सेवा दिन सुरु गरेको छ । हालको पोखरा महानगरपालिका-१० मा विसं २०१२ मा सोल्जर बोर्ड अस्पतालका नाममा यो स्थापना भएको हो ।

त्यसपछि विसं २०१९ मा १५ शय्याको जिल्ला अस्पताल बन्यो । विसं २०३२ मा ५० शय्या क्षमतामा विस्तार भएर गण्डकी अञ्चल अस्पताल बन्यो । विसं २०४३ देखि एक सय ५० बेड क्षमतामा विस्तार भएर पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा विकास भएकामा विभिन्न मितिमा शय्या थपिँदै गएर हाल पाँच सय बेडको अस्पतालमा रुपमा रहेको छ । सरकारले विसं २०७२ मा अस्पताललाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा स्थापना गर्ने घोषणा गरेको थियो ।

## सामुदायिक ...

वन कार्यालय भएको स्थानमै वन मासिएको र तस्करले सुरक्षा पाउँदा उपभोक्ताले मुद्दा खेप्नु अवस्थाको अन्त्य भएको बताउँदै अध्यक्ष भण्डारीले वनको संरक्षण, सम्वर्द्धन र विकासको जिम्मा स्थानीय समुदायलाई प्रदान गरेसँगै नेपालको सामुदायिक वनको अवधारणा विश्वसामु परिचित भएको बताउनुभयो ।

डिभिजन वन कार्यालय कास्कीका प्रमुख कोमलराज काफ्लेले वन समुहको वर्गीकरण गरेर आर्थिक रुपमा सम्पन्न वनले कमजोरलाई आवश्यक सहयोग गर्नुपर्ने विचार व्यक्त गर्दै वन पैदावार उपयोगमा कुनै समस्या नभएको स्पष्ट पार्नुभयो । महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालीदास सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष किशोर सापकोटा, महासचिव आसु विकले सामुदायिक वनको अवधारणाले वातावरणीय क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनुभयो ।

महासंघका प्रदेश अन्तर्गतका केन्द्रीय सदस्य, प्रदेशका पदाधिकारी तथा सदस्यहरु, जिल्ला अध्यक्ष र सञ्चारकर्मी सहित ५४ जनाको सहभागिता रहेको कार्यक्रममा सोमत घिमिरेले प्रशिक्षण दिनुभयो थियो ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाह्री झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।





सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर तर्फले ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८४६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– बी. पी. कोइराला

## सम्पादकीय

# संविधान जीवन्त राख्न संशोधन गर

नेपालको संविधान जारी भएको नौ वर्ष पुरा भएको छ । संविधान कार्यान्वयन जाँदा असन्तुष्टिका स्वर पनि बढ्दै गएका छन् । संविधान जारी गर्दा असन्तुष्ट दलहरु समेत संविधानलाई स्वीकारेर तीनै तहका सरकार सञ्चालन गर्ने ठाउँमा पुगेका छन् तर विरोध पनि गरेकै छन । असन्तुष्ट पक्ष सबै सरकारमा सहभागी भएका छन । प्रदेश सरकारको नेतृत्व गर्ने र सहभागी भएका छन ।संविधानले दिएको अधिकार प्रदेशलाई नदिदा विरोध गर्ने ठाउँ दिएको छ । संबिधानमा अपुरा कुरा थप्नु पर्ने माग कायमै छ । संबिधान आफैमा पूर्ण नहुने हुदा समय क्रममा संशोधन हुदै जाने दस्ताबेज हो । संबिधान संशोधनको मुद्दा उठाएर काङ्ग्रेस र नेकपा एमाले सरकारमा छन।दुई ठूला दल मिलेर सरकार बनाउनु संविधान संशोधनका लागि हो भन्ने भाष्य निर्माण गर्न खोजिदै छ । जनताले पाएका अधिकार खोस्न संविधान संशोधन गर्न खोजिएको हो भन्ने विपक्षीको प्रचार छ । संविधानले व्यवस्था गरेको मौलिक हक सम्वन्धी कानुन वनीसकेको छ ।

संविधान कार्यान्वयनमा आउन मौलिक हक सम्वन्धी कानुन अनिवार्य थियो । संघीय संरचना अनुसार स्थानीय, प्रदेश र संघीय सरकार कार्यान्वयनमा आईसकेको छ । संविधानको स्वागतमा देशभरी कार्यक्रम भईरहेका छन। संविधान दिवस जनस्तरबाट मनाउनुपर्छ भनेर सरकारले असोज ३ गते काठमाडौंमा राष्ट्रिय झण्डासंगै कन्सर्ट कार्यक्रम राखेको छ । संविधानसभाबाट संविधान जारी गर्न नेतृत्व गरेका काङ्ग्रेस, एमाले संविधानप्रति जनविश्वास बढाउने कामको अगुवाइ गरेको छ । संबिधान दिवश मनाउन सातै प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा समिति गठन भएको छ । संविधान दिवस सरकारले मनाउन लाग्दा केही दलले संविधान मानेर संसद, सरकारमा पनि बस्ने र बिरोध पनि गर्छु भन्ने परस्पर बिरोधी कुरा गरेका छन । संशोधन नभएसम्म विरोध गर्ने भनि राजनीतिक खपतका लागि कर्मकाण्डी व्यवहार मात्र हो।संविधाको कार्यान्वयन गर्न प्रहरी ऐन , निजामती कर्मचारी ऐन, शिक्षा ऐन बन्नुपर्छ । काठमाडौं खाल्डो बाहेक देशका अन्य भागका जनतालाई नदेख्ने प्रबृत्ति संघीयता विरोधी हो। अधिकार छोड्न नचाहने प्रबृत्तिले गर्दा संविधान विरोधमा आवाज उठेका हुन। जनताले सेवा प्रवाहमा सुधार चाहेका छन। काम गरेर खान पाउने अवस्था बनोस् भन्ने चाहना हो। हरेक क्षेत्रमा मौलाएको विकृति , विसंगति र ठगी रोकियो भने सरकार पनि छ भन्ने अनुभूति जनताले गर्न पाउनेछन् । राजनीतिक स्थायित्व नभएपछि देशलाई प्रयोगशाला बनाउन चाहनेले संविधानलाई दोष दिएर वातावरण खल्बल्याउन खोजेका छन ।

संविधान पुरै कार्यान्वयनमा आउन नपाउँदै खारेजीको माग गर्नु र सुधारका लागि संशोधन गरौँ भन्दा विरोधमा उत्रने प्रबृत्ति घातक छ।संविधान जिवन्त दस्तावेज भएको हुँदा त्यसमा संशोधन हुँदै जान सक्छ । नेपाली जनताले चुनेका प्रतिनिधिले बनाएको संविधान मनाउन विभिन्न कार्यक्रम गरिएको छ । नेपाली जनताको दिगो शान्ति र राजनीतिक स्थिरताको चाहनालाई संविधानले केही हदसम्म पुरा गरेको छ । संविधान घोषणा भएको दिनलाई सरकारले सार्वजनिक विदा दिने निर्णय पहिल्यै गरेको हो । संविधानले संघीय लोकतान्त्रिक, गणतन्त्रलाई संस्थागत गरेको छ । सार्वभौमसत्ता राज्य शक्तिको श्रोत जनता नै हुन् भन्ने संविधानले स्थापित भएको छ । समानुपातिक, समावेसी प्रतिनिधित्वलाई संविधानले अंगीकार गरेको छ । देश धर्मनिरुपेक्ष भएको छ । विभिन्न जातीय समुदायको संसदमा प्रतिनिधित्व छ । महिला सहभागिता लाई उत्कृष्ट नै मान्नुपर्छ । प्रतिनिधिसभामा र प्रदेश सभामा एक तिहाइ महिलाको प्रतिनिधित्व भइसकेको छ। प्रत्यक्षमा पनि एक तिहाइ महिलालाई उमेदवार बनाउन र निर्वाचित हुने अवस्था ठूला दलले गर्नुपर्छ ।

स्थानीय तहमा करिब ४० प्रतिशत प्रतिनिधित्व छ। संविधानका धेरै पक्ष आधुनिक लोकतान्त्रिक मुलुकले अपनाउने अधिकार समावेश छन् । समाजवाद उन्मुख संविधानले नै मौलिक हकहरुको व्यवस्था गरेको छ, र ति कानुन समेत वनिसकेका छन् । नेपालमा वनेका ७ वटा संविधान मध्ये ६ वटा संविधान जनताले आफै बनाएका थिएनन् । केहि विज्ञले तयार पारेर राजा महाराजले जारी गरेका थिए । संविधानसभाले जारी गरेको संविधान अरु संविधानभन्दा धेरै फरक छ । यसमा जनताको व्यापक सहभागिता छ । संविधान सभाका लागि हजारौ नेपाली जनताले आफ्नो जीवन उत्सर्ग गरेका छन् । वषौदेखिको आन्दोलन, संघर्ष, तपस्याको फल संविधान सभाबाट संविधान घोषणा हो । विश्वका अन्य मुलुक जस्तै लोकतान्त्रिक सहभागिता मुलक संविधान बनेको छ । विश्वका धेरै मुलुकले नेपालको संविधानलाई स्वागत गरेका छन् । छिमेकी मुलुक भारतले पनि व्यवहारबाट स्वागत गरेको छ । संविधान गतिशील दस्तावेज हो । यसलाई पारिमार्जन गर्न सकिन्छ । यो संविधानले ग्यारेन्टी गरेको छ । अव देशलाई समृद्धिको दिशामा अघि बढाउन, संविधान कार्यान्वयन गने पात्रहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

राजनीतिक नेतृत्वमा लोकतान्त्रिक आचरण र राज्यसंयन्त्र त्यही अनुसार चल्न सक्नुपर्दछ । लोकतान्त्रिक चरित्र अनुसार चल्न सकेमा संविधानको बिरोधमा लाग्नेहरुलाई कम्जोर बनाउन सकिन्छ । अहिले पनि सत्ताको आडमा संविधान कुल्चने, कानुनको पालना नगर्ने र अराजकता निम्त्याउन खोजिएको छ । यस्तै शैलीले गर्दा चुनौति थपिएका छन् । संविधानमा समाजवाद उन्मुख राज्य लेखिएको छातर व्यवहार त्यस अनुरूप छैन । जनताले खोजेको आर्थिक विकास र समृद्धीको बाटोमा जानको लागि गलत चिन्तन र संस्कार वोकेका विरुद्ध जनतालाई परिचालित गर्नुपर्ने खाचो छ । नेपालमा राजनैतिक स्थिरता कायम गर्दै जनताको आर्थिक विकास र सम्वृद्धिको बाटोमा लाग्नु संविधानको मुल मर्म हो । सधै अरुको खेलौना बन्ने काम छोडेर जनताको चाहनाको पुरा गर्ने तर्फ लाग्नु संविधानको पालना र कार्यान्वयन हो ।सबैलाई संविधान पालना गर्ने र लोकतान्त्रिक आचरण देखाउन सकेमा संविधान कार्यान्वयन हुनेछ । संविधान दिवसको अवसरमा सम्पूर्ण नेपाली जनतमा शुभकामना ।

# प्रशोधन हुन नसक्दो चिया उपभोगविहीन

**पोखरापत्र संवाददाता**
पर्वत, २ असोज

सरोकारवाला निकायको बेवास्ताका कारण जिल्लामा गरिएको ६० रोपनी क्षेत्रफलको व्यावसायिक चियाखेती अलपत्र बनेको छ ।

पर्याप्त बजेट, दक्षजनशक्ति लगायतको व्यवस्थापन हुन नसक्दा महाशिला गाउँपालिका-६ फलामखानीमा लगाइएको चियाखेती उपभोगविहीन बनेको हो । डेढदशक अघि लगाइएको चियाखेती मौलाउँदै गएको भए पनि संरक्षण गर्ने, उत्पादन गर्ने र बिक्रीवितरण गरेर आम्दानी लिन स्थानीय गाउँपालिकाले चासो नदेखाउँदा अलपत्र बनेको हो । महाशिला गाउँपालिकाले हरेक वर्ष रु एक लाखका दरले विनियोजन गरी चियाखेती गरिएको ठाउँमा तारबार लगाउने र पशुपक्षी जानबाट रोकेपनि उत्पादित चिया टिप्ने, प्रशोधन गर्ने लगायतका काम गर्न नसकिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताउनुभयो ।

उहाँले स्थानीयको सहभागितामा चिया विकास समिति गठन गरेर अघि बढ्ने योजना बनाएको दाबी गर्नुभयो । बर्सेनि चिया टिप्ने र प्रशोधन गरेर बिक्री गर्न सकेमा गाउँपालिकालाई ठूलो रकम आम्दानी हुने भए पनि यसतर्फ जनप्रतिनिधिको प्राथमिकता नपरेको स्थानीय बलबहादुर क्षेत्रीले बताउनुभयो । साविक धौलागिरि अञ्चलमा नै पहिलो पटक सुरु गरिएको व्यावसायिक चिया खेतीबाट वार्षिक रूपमा लाखौँको आम्दानी गर्न सकिने उहाँको भनाइ छ । झण्डै डेढदशक अघि लगाइएको चियाखेतीबाट पहिलो पटक दुई वर्षअघि १० किलो अर्गानिक हरियो चिया उत्पादन गरिएको भए पनि चियाको मुना टिप्ने र प्रशोधन गर्ने जनशक्ति नभएपछि पुनः अलपत्रजस्तै बनेको महाशिला गाउँपालिका-६ फलामखानीका वडाध्यक्ष गोविन्दबहादुर विकले जानकारी दिनुभयो । यहाँ ४० हजार भन्दाबढी चियाका बोट रहेका छन् । अधिकांश बोटबाट उत्पादन लिन सकिन्छ भने केही नयाँ बिरुवा रहेको विकले बताउनुभयो ।

विसं २०६७ मा तत्कालीन जिल्ला विकास समिति पर्वतको सहयोगमा सुरु गरिएको चियाखेती लामो समय संरक्षणको अभावमा गौचरणमा परिणत भएको थियो । उतिवेला बीस हजार बिरुवा लगाइएकोमा पछि गाउँपालिकाले केही बिरुवा थप गरेर ४० हजार पुऱ्याएको थियो । पाँच वर्षअघिदेखि गाउँपालिकाकोपहलमागोडमेल तथा संरक्षण गर्न थाले पनि उत्पादन गरेर आम्दानी गर्न भने नसकिएको विकले बताउनुभयो ।

साविक फलामखानी गाविस- ४, ५, ७, ८ र ९ का दलित समुदायको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले चियाखेती सुरु गरिएको थियो । इलामको जस्तै हावापानी भएकोले यहाँ चिया खेतीको सम्भावना उच्च रहेको छ । इलाम जिल्लाको जस्तै व्यावसायिक चियाखेती विस्तार गर्ने उद्देश्यले योजना सुरु गरे पनि स्थानीयले भने कुनै चासो नदेखाएपछि समस्या भएको थियो ।

एक हजार आठ सय मिटरको उचाइमा रहेको साविक फलामखानी गाविसलाई चिया खेतीको पकेट क्षेत्र बनाउने गरी तत्कालीन समयमा २० हजार चियाका बिरुवा रोपिएको थियो । नगदेबालीको रूपमा चिया खेतीलाई प्रवर्द्धन गर्नकै लागि पहिलो चरणमा तत्कालीन जिविस पर्वतले झण्डै ६० रोपनी क्षेत्रफलमा चियाखेतीको सुरुवात गरेको थियो । साविकको गाविसको ४ र ५ वडामा लगाएका बिरुवा स्थानीयले संरक्षण नगर्दा नष्ट भए पनि वडा नं ७, ८ र ९ मा भने बिरुवा जिवित्तै रहेका थिए ।

अहिले स्थानीय समुदायसमेत चिया खेतीतर्फ आकर्षित हुन थालेको भए पनि पर्याप्त बजेट र दक्षजनशक्ति नहुँदा समस्या भएको स्थानीय लक्ष्मण सुनारले बताउनुभयो । उहाँका अनुसार कुनै संस्था वा पालिकाले नै लगानी गरेर यसको उत्पादन र प्रशोधन गर्न सकेमा वार्षिक लाखौँ आम्दानी गर्न सकिने बताउनुभयो ।

यहाँबाट टिपेर चिया विकास बोर्ड वा इलाम, झापासम्म पुऱ्याउन सक्ने हो भने आम्दानी र रोजगारी दुवै सिर्जना हुने उहाँको भनाइ छ । दुई वर्ष अघि गण्डकी प्रदेशवाट लक्षित कार्यक्रम अन्तर्गत विनियोजन भएको रु २० लाखबाट चियाबगानको संरक्षणका लागि तारजाली लगाउने, गोडमेल गर्ने र नर्सरी स्थापना गर्ने काम भएको भए पनि स्थानीयलाई चिया टिप्ने, प्रशोधन गर्ने तालिम वा कतैबाट तालिम प्राप्त जनशक्ति नियुक्त गर्न नसक्दा लाखौँ मूल्य खेर फाल्नुपरेको स्थानीयको भनाइ छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दरबारथोकको चण्डि मन्दिरमा नवदुर्गा पूजा तथा चण्डिपाठ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

पोखरा महानगरपालिका वडा नं. ९ दरबारथोकमा रहेको ऐतिहासिक चण्डि मन्दिरमा हरेक वर्ष जस्तै यस वर्ष पनि नवदुर्गा पूजा तथा चण्डिपाठ हुने भएको नवदुर्गा पूजा तथा चण्डिपाठ २०८१ आयोजक समितिकी संयोजक विमला रानाभाटले वताउनु भयो ।

२०८१ असोज १८ गते देखि २५ गते सम्म हुने दुर्गापूजा तथा चण्डिपाठमा १८ गते समुद्घाटन तथा पूजा शुभारम्भ, दैनिक विहान ७ वजे चण्डिपाठ, हरेक दिन साँझ ६ वजे सन्ध्याकालिन आरति, २४ गते फूलपाती भित्र्याउने एवम् साँझ देवीको तेश्रो नेत्र दर्शन, २५ गते पूजा समापन र कार्तिक १ गते सेतीगंगा किनारमा पूजा विर्सजन गरिने कार्यक्रम रहेको चण्डिमाई सेवा समितिका अध्यक्ष तेजबहादुर भूजेलले वताउनु भएको छ ।

उहाँले चण्डि मन्दिरमा परावूर्व कालदेखि हिन्दु धर्माबलम्बिहरुले हिन्दु संस्कृतिको जगेर्ना गर्दै समयानूकुल विकसित र परिवर्तन हुदै धर्मसम्बन्धि मठ मन्दिरको स्थापना गरी सामुहिक रुपले पूजा अर्चना गरिदै आएको वताउँनु भयो ।

चण्डिमाई सेवा समितिको आयोजनामा आयोजित भेलाले चण्डिका आमा समुहकी पुर्व अध्यक्ष विमला रानाभाटको संयोजकत्वमा नवदुर्गा पूजा तथा चण्डिपाठ २०८१ आयोजक समिति र प्रचारप्रसार उपसमितिको संयोजकमा पत्रकार तथा दरबारथोक मिडियाका कृष्ण रानाभाटलाई चयन गरिएको आयोजक समिति सचिव सम्झना रानाभाटले वताउनु भयो ।

# दरबारथोकको चण्डि मन्दिरमा नवदुर्गा पूजा तथा चण्डिपाठ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



लायन्स क्लब अफ़ पोखरा रानीबन, पोखरा लेकसाईड, पोखरा गार्डेन र लियो क्लब अफ़ पोखरा लेकसाईडको सयुक्त आयोजनामापोखरा-६,कोमागाने पार्कस्थित केदारेश्वर महादेवमणि सेवा आश्रममा लायन्स क्लब अफ़ पोखरा लेकसाइडका अध्यक्ष लायन धर्मराज थापाको अध्यक्षतामा शनिबार मन्दिर परिसर सरसफ़ाई तथा बटुकहरुलाई खाना खुवाऊने कार्यक्रम सम्पन्न भयो ।

लायन्स डिस्ट्रीक्ट ३२५ एम का गभर्नर पिएमजेएफ लायन चण्डीप्रसाद अर्यालको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा हामी सेवा गर्छौ भन्ने भाबका साथ करीब एक सय बटुकहरुलाई खाना खुवाउने कार्य सम्पन्न भयो । उक्त कार्यक्रममा केदारेश्वर महादेवमणि सेवा आश्रम समितिका मठाधीस स्वामी डा. लेखनाथ आचार्य सहित डिष्ट्रक चिफ़ गण्डकी एरिया काउन्सलर :एमजेएफलायन दिनबन्दु पौडेल डिस्ट्रीक्ट को-अर्डिनेटर जियसटी एमजेएफ लायन जगनाथ तिमिल्सिना, डिस्ट्रिक्ट को-अर्डिनेटर लायन रामु गौतम, ट्री प्लानटेसन डिपार्टमेण्ट हेड लायन बलराम पहारी, जिएलटी डिपार्टमेण्ट हेड लायन श्रीकृष्ण श्रेष्ठ रीजन चियर पर्सन लायन नबराज अधिकारी, जोन चियर पर्सन लायन हरिसरण श्रेष्ठ लगायत पदाधिकारी तथा पूर्व अध्यक्ष एबम् सदस्यहरूको उपस्थिती रहेको थियो । उक्त कार्यक्रममा लायन्स क्लब अफ़ पोखरा गार्डेनका अध्यक्ष रामकृष्ण पहारीले स्वागत मन्तब्य दिएका थिए । लायन्स क्लब अफ़ पोखरा रानीबनका अध्यक्ष दीपेन्द्र आचार्यद्वारा सञ्चालित कार्यक्रमको संयोजन भने लायन्स क्लब अफ़ पोखरा लेकसाइडका सदस्य समजसेवी दयानन्द पोखरेलले गरेका थिए । मठाधीस स्वामी डा. लेखनाथ आचार्यले बिश्वभर मानवीयता हराऊदै गईरहेको अबस्थामा यस प्रकारको सेवाको कार्यले अशल समाज निर्माण हुनेमा आफू बिस्वस्थ रहेको जनाए । करीब एक सय पचास जनाको उपस्थिती रहेको सो सभालाई सम्बोधन गर्दै गभर्नर चण्डीप्रसाद अर्यालले यस पबित्र पावन भूमिमा बिसुद्द सेवाभावका साथ कुशलता पूर्बक कार्यक्रम सम्पन्न गर्न सफल भयकोमा आयोगकप्रति सम्मान एबम धन्यबाद ज्ञापन गरी निरन्तर सेवा कार्यमा लाग्न आव्हान गर्दै यसमा आफ़नो सधै सहयोग रहने बताए ।

# जोमसोमको ऐतिहासिक काठेपुल सौन्दर्यकरण गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ असोज

मुस्ताङको घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित कालीगण्डकी नदीमाथिमा रहेको ऐतिहासिक महत्वको काठेपुलको जीर्णोद्धार र सौन्दर्यकरण गरिएको छ ।

ऐतिहासिक सम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले घरपझोङ गाउँपालिकाले जीविकोपार्जनका लागि दिगो पर्यटन परियोजना (एलटिएलआरपी) मार्फतएकशताप्दी पुरानो पुल जीणोद्धार र सौन्दर्यकरण गरेको हो । घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले पुलको मौलिकता नमेटिने गरी स्थानीय प्रविधि र सामग्रीको प्रयोगबाट जीर्णोद्धार गरिएको जानकारी दिनुभयो । "स्थानीय मौलिक सीप र प्रविधिको प्रयोगबाट एक सय वर्ष भन्दाअघि काठैकाठबाट बनेको पुल जीर्ण हुँदा दुर्घटनाको जोखिम बढेको थियो", अध्यक्ष लालचनले भन्नुभयो, "बलियो काठ प्रयोग गरेर पुरानै शैलीमा जीर्णोद्धार गरिएको पुलमा लाइट जडान गरेर रातिमा झलमल्ल देखिने गरी सौन्दर्यकरण गरेका छौँ ।" पच्चिस मिटर लामो पुलको जीर्णोद्धारका लागि रु १० लाख खर्च भएको घरपझोङका प्रमुख प्रशासकीय अधिकृत बेदहरि अधिकारीले जानकारी दिनुभयो । पालकाको ५८ प्रतिशत र एलटिएलआरपी परियोजनाको ४२ प्रतिशत लागत साझेदारीमा उपभोक्ता समितिमार्फत पुल जीर्णोद्धार गरिएको उहाँले बताउनुभयो । सोही परियोजनाअन्तर्गत काठको पुलबाट केहीमाथि रहेको मोटरेबल पुलको छेउमा रु २५ लाखको लागतमा निर्माण भएको दुई कोठे भवनमा पर्यटक सूचना केन्द्र सञ्चालन गर्ने तयारी भइरहेको गाउँपालिकाले जनाएको छ । जीणोद्धार भएको पुलले पर्यटक लोभ्याउन थालेको प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताउनुभयो । उहाँका अनुसार पुल तर्ने, अवलोकन गर्ने, फोटो, भिडियो खिच्ने र सामाजिक सञ्जालमा राख्ने आन्तरिक पर्यटकक आगमन बढ्न थालेको छ । जीर्ण काठेपुलमा पुराना काठका सामग्री विस्थापित गरी नयाँ काठका संरचना बनाउने, काठेपुलको रेलिङ फेर्ने र धेरै भार थेग्न सक्नेगरी साविक भन्दा थप बलियो बनाइएको छ । जोमसोमका ८९ वर्षीय टीकाप्रसाद शेरचनले यो पुल एक सय वर्षअघि निर्माण भएको बताउनुभयो ।

मुस्ताङका स्थानीयवासी, पशु चौपाया, दामोदरकुण्ड, मुक्तिनाथ र कागबेनी जाने तीर्थयात्री तथा घुम्न आउने पर्यटकलाई सुरक्षित रूपमा कालीगण्डकी नदी वारपार गर्ने सुविधाका लागि काठको पुल निर्माण भएको थियो । जोमसोमस्थित कालीगण्डकी नदीमाथि मोटरेबल पुल निर्माण भएपछि काठको पुलको प्रयोग घटेको थियो । विसं २०४४ मा कालीगण्डकीमा आएको बाढीले क्षति गरेको पुल विसं २०७२ को भूकम्पका कारण बीचभागबाट चोइटिएको थियो ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुादा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0610001434 | सजिन श्रेष्ठ | पोखरा–९, कास्की |
| २ | GLI0610001433 | सगुन श्रेष्ठ | पोखरा–९, कास्की |

# पश्चिम म्याग्दीका किसान कोदोखेतीतिर आकर्षित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ असोज

तीन दशक अघिसम्म जिल्लाको मालिका गाउँपालिका–६ का टेकबहादुर विकको बारीमा प्रशस्त कोदो फल्थ्यो । विसं २०५० पछि पश्चिम म्याग्दीमा कोदोखेती गर्ने भेटिन छाडे । तीन वर्षयता फेरि कोदोखेती गर्ने बढेका छन् । अन्य बालीको तुलनामा कोदोबाट बढी आम्दानी हुने भएकाले उनीहरू यसतर्फ आकर्षित भएका हुन् ।

“गाउँघरमा मात्र होइन सहरबजारबाट पनि कोदो किन्न गाडी लिएर गाउँगाउँमा नै ग्राहक आउन थालेका छन्”, विकले भन्नुभयो, “आफूले भनेकै मूल्यमा घरबाट नै बिक्री हुन थालेपछि मैले वर्षौँसम्म बाँझिएको बारीमा खनजोत गरी गत वर्षदेखि कोदोखेती सुरु गरेको हुँ ।”

प्रतिपाथी रु दुई सयका दरले घरबाट नै कोदो बिक्री हुने यहाँका किसानले बताएका छन् । गत वर्ष पाँच मुरी कोदो बेचेर रु २० हजार आम्दानी भएको बताउँदै विकले यस वर्ष खेती राम्रो भएकाले पोहोरको भन्दा बढी आम्दानी हुने आशा गर्नुभएको छ । स्थानीय सरकारले परम्परागत बालीलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याएपछि विकजस्तै यहाँका किसान पनि कोदोखेतीतर्फ आकर्षित भएका हुन् । मालिका गाउँपालिकाले स्थानीय हावापानी र माटो सुहाउँदो अन्न तथा नगदेबालीलाई प्रोत्साहन गर्ने नीति लिएको छ । स्थानीय सरकारको यस्तो नीतिले किसानमा आशा जागृत भएको मालिका गाउँपालिका–२ की टीकाकुमारी पुनले बताउनुभयो । यस वर्ष पश्चिम म्याग्दीका मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका किसानका अधिकांश बारीमा कोदो लगाइएको छ । मालिका गाउँपालिका–६ का किसानले यस वर्ष साढे दुई सय मुरीभन्दा बढी कोदो उत्पादन गर्ने लक्ष्य लिएका स्थानीय रणबहादुर सिउथानीले बताउनुभयो । उहाँका अनुसार गत वर्ष दुई सय मुरी कोदो उत्पादन भएको थियो । पौष्टिक तत्वले भरिपूर्ण कोदो बालबालिकाका लागि मात्र नभई वयस्कका लागि पनि उपयुक्त खाद्यवस्तु बन्दै गएको अवस्थामा यहाँका बासिन्दाले यसको व्यावसायिक खेती गरेर परम्परागत बालीको संरक्षणमा लागेको मालिका गाउँपालिका–५ देवीस्थानका किसान टेकबहादुर सिउथानीले बताउनुभयो ।

देवीस्थानमा मात्र पाँच सय रोपनीभन्दा बढी क्षेत्रमा व्यावसायिक कोदोखेती गरिएको छ । यहाँ उत्पादन भएको कोदोबाट घरेलु मदिरा उत्पादन गरी बिक्री गर्न सके हो भने वार्षिक लाखौँ आम्दानी गर्न सकिने स्थानीय तीर्थबहादुर विकले बताउनुभयो ।

“गाउँमा १० वर्ष अघिदेखिको कोदो भकारीमा छ । कोदो जति पुरानो भयो घरेलु मदिरा उत्पादनका लागि त्यत्ति नै राम्रो हुने भएकाले स्थानीयले पुरानो कोदो मदिरा उत्पादन र नयाँ कोदो खाद्यान्नका रूपमा प्रयोग गर्छौँ”, विकले बताउनुभयो । ग्रामीण क्षेत्रका बारीमा थोरै मात्र कोदो लगाइएको भए पनि बेनी नगरपालिका क्षेत्रभित्रका अधिकांश बारी बाँझै छन् । एक दशक अघिसम्म १० मुरी कोदो उत्पादन हुने बारीमा अहिले वनमारा फैलिएको छ । “कोदो रोप्नै छाडे, कोदो रोप्ने बारीमा झारैझार छ, अनि कहाँबाट फलोस् कोदो ?” बेनी नगरपालिका–२ का ८९ वर्षीय बेदप्रसाद शर्माले भन्नुभयो । उहाँका अनुसार कोदो लगाउने जग्गा बाँझै छ ।

जनशक्ति अभाव तथा धानको जस्तो मूल्य कोदोले नपाउँदा कोदोखेती गर्न छाडेको किसानहरूले बताएका छन् । गाउँघरमा कोदोको प्रयोग कम हुँदै गएको भए पनि सहरका होटलले भने कोदोको परिकारलाई नै आकर्षणका रूपमा राख्न थालेका छन् । होटलमा आउने पाहुनाले बजारको चामलभन्दा गाउँमा उत्पादित कोदोको परिकार खोज्ने गरेका बेनीका होटल सञ्चालक विमला बरुवालले बताउनुभयो । त्यसैगरी गाउँगाउँमा सञ्चालित होमस्टेमा पनि कोदोको परिकारलाई प्राथमिकतामा राख्ने गरेको पाइएको छ ।

खाद्यान्नका रूपमा कोदोको प्रयोग स्वस्थकर हुने मानिन्छ । चिनी र प्रोटिनको मात्रा कम हुने भएकाले बिरामीका लागि पनि कोदा उपयुक्त हुने चिकित्सकहरू बताउँछन् । कोदोमा प्रशस्त मात्रामा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, म्यागनिज, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्टलगायत तत्व पाइन्छ । तौल घटाउन, मुटुसम्बन्धी रोग नियन्त्रण गर्न, हाड बलियो बनाउन, स्वस्थ पेट बनाउन कोदोलाई उपयुक्त हुने उहाँले बताउनुभयो । म्याग्दीको २० हजार चार सय ८२ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमध्ये पाँच सय हेक्टरमा कोदोखेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । स्थानीय सरकारले परम्परागत प्रजातिको बालीमा न्यूनतम समर्थन मूल्य तोक्दै अनुदानको व्यवस्था गरेका छन् । मालिका, मङ्गला र रघुगङ्गा गाउँपालिकाले कोदो, धान, फापर र जुनेलोको न्यूनतम समर्थन मूल्य तोकेका छन् ।

# संविधान दिवसमा फलफुल वितरण र रक्तदान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ असोज



संविधान दिवसको अवसरमा स्याङ्जामा विविध कार्यक्रम मनाउन शुरु गरिएको छ । ३ दिनसम्म विविध कार्यक्रम गरी मनाउने कार्यक्रम तयभए अनुसार स्याङ्जामा रचनात्मक कार्यक्रम गरी संविधान दिवस मनाउन शुरु गरिएको हो ।

असोज २, ३ र ४ गते सम्म संविधान दिवस मनाउन जिल्ला समन्वय समिति स्याङ्जाले अनुरोध समेत गरेको छ ।

संविधान दिवसको अवसरमा जिल्ला समन्वय समिति स्याङ्जा, पुतलीबजार नगरपालिका र जिल्ला प्रशासन कार्यालय सहित जिल्लाका सामाजिक संघसंस्थाको संयुक्त आयोजनामा कारागारामा रहेका कैदीबन्दीलाई फलफुल वितरण गरिएको छ । फलफुल वितरण पछि जिल्ला प्रहरी कार्यालयमा रक्तदान समेत आयोजना गरिएको जिल्ला रेडक्रस स्याङ्जाका सभापति दिनेश अर्यालले जानकारी दिए । सभापति अर्यालका अनुसार कारागारमा रहेका कैदीबन्दीहरु मध्ये १४ जना र ६ जना सरकारी कर्मचारीले रक्तदानमा सहभागी भएका थिए । पुतलीबजार नगरपालिकाका नगर प्रमुख तुलसीराम रेग्मी, उपप्रमुख देवी अर्याल र प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले रक्तब्याग हस्तान्तरण गरेर रक्तदानको उद्घाट गरिएको थियो । संविधान दिवसको अवसरमा २० युनिट रगत संकलन गरिएको छ । जनताले लडेर ल्याएको संविधानले हरेक नेपालीलाई अधिकार प्रदान गरेको पुतलीबजार नगर प्रमुख तुलसीराम रेग्मीले बताए । ३ दिन जिल्लाका सबै पालिकाले हसोल्लास सहित संविधान दिवस मनाउन नगर प्रमुख रेग्मीले आग्रह गरे । रक्तदान र कारागारका कैदीबन्दीलाई फलफुल पुतलीबजार नगरपालिकाको आर्थिक सहयोगमा सम्पन्न भएको थियो । तिनदिने कार्यक्रममा रक्तदान, फरक क्षमताका बालबालिकालाई सहयोगी सामाग्री बितरण, बृक्षरोपण, जेष्ठ नागरिकका स्वास्थ्य परिक्षण, रेडियो कार्यक्रम परिसम्वाद, सरसफाई जस्ता सामाजिक कार्यक्रम गर्ने निर्णय भए अनुसार असोज २ गतेबाट कार्यक्रम शुरु गरिएको स्याङ्जाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले बताइन् ।

यसैगरी, असोज ३ गते बिहान प्रभातफेरि सहितको कार्यक्रम गरिने भएको छ भने ३ दिनसम्म घरघरमा, सवारी साधन र कार्यालयहरुमा राष्ट्रिय झण्डा राख्ने र साँझ दिप प्रज्वलन गरि मनाउने जिल्लामा बसेको बैठकले निर्णय गरेको थियो ।

# कृषि अनुसन्धानको परिचय बनाउँदै बन्दिपुरस्थित बाख्रा अनुसन्धान केन्द्र

**पोखरापत्र संवाददाता**
दमौली, २ असोज

बन्दीपुरस्थित राष्ट्रिय अनुसन्धान बाख्रा केन्द्र कृषि तथा पशुपालन गर्नेहरूका लागि अध्ययनस्थलका रूपमा परिचित हुँदै गएको छ । केन्द्रबारे जानकारी लिन धेरै जिज्ञासु दैनिक यहाँ आउने गरेका छन् ।

एक वर्षमा आठ हजार अवलोकनकर्ताले केन्द्रका बारेमा जानकारी लिएका गरेका छन् । गत वर्ष सात हजार नौ सय ६४ जनाले अनुसन्धान केन्द्रको भ्रमण गरेका थिए । केन्द्रप्रमुख डा राजु कँडेलका अनुसार कृषि, पशुपालन, वनविज्ञानका विद्यार्थी अध्ययनमा आउने गरेकामा सङ्घ र प्रदेश सरकारका मन्त्री, सांसदलगायत विभिन्न पार्टीका नेताको भ्रमणको गन्तव्य केन्द्र बनेको छ ।

केन्द्रले प्रविधि विकास तथा उन्नत र स्थानीय जातका प्रजननयोग्य बोका, पाठी तथा घाँस बेर्ना वितरणका साथै स्थानीय जातको संरक्षण गर्दै आएको छ । कार्यालयले सोही आर्थिक वर्षमा दुई सय ८६ बाख्रामा शुद्ध बोर बोकाबाट प्रजनन सेवा प्रदान गरेको जनाएको छ । त्यस्तै चार सय ५५ वटा जुत्ताको नमूना सङ्कलन गरिएको र एक हजार पाँच सय ७० वटा बाख्रामा उपचार गरिएको केन्द्रले जनाएको छ । केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यभन्दा बढी खरी बाख्रा उत्पादन गरेको छ । केन्द्रले एक वर्षको अवधिमा ३४ खरी बाख्रा उत्पादनको लक्ष्य राखेकामा ७० खरी बाख्रा उत्पादन गरेको छ । कँडेलका अनुसार केन्द्रबाट खरी, सिन्हाल, बारबरी, जमुनापारी क्रस, शुद्ध बोर, बोर क्रस, शुद्ध सानन र सानन क्रस बाख्राका पाठापाठी उत्पादन गरिएको छ । त्यस वर्ष बारबारीका छ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा छ, सिन्हालका चार पाठापाठी उत्पादन लक्ष्य राखिएकामा १२, शुद्ध बोरका ८० पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ५९, शुद्ध बोरका ८० पाठापाठी लक्ष्य उत्पादन राखिएकामा ५९, बोर क्रसका एक सय ७३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा एक सय ५९, शुद्ध साननका १५ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा २५, सानन क्रसका ३३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ६६ पाठापाठी उत्पादन भएको थियो ।

अनुसन्धान केन्द्रमा बोयर जातको बोकाको माग उच्च रहेको छ । बोयर जातको बोकाको नेपालमा बढी रुचाइएको कारण यसमा माग बढेको बताइन्छ । कँडेलले भन्नुभयो, “स्थानीयभन्दा बोयर जातका बोकाको माग बढी छ, जमुनापानी, खरी जातको बाख्राको माग पनि उत्तिकै छ ।” केन्द्रले सो वर्ष एक सय ४२ बाख्रा वितरण गरेको छ । नेपालका अधिकांश जिल्लामा यहाँबाट उत्पादन हुने बाख्रा वितरण हुने गरेको कँडेलले बताउनुभयो । एक सय प्रतिशत बोर बाख्रा ४५ वटा वितरण गरिएको छ । उक्त बाख्रा म्याग्दी, सोलुखुम्बु, पाल्पा, गोरखा, कैलाली, कास्की, काठमाडौँ, दाङ, रामेछाप, चितवन, तनहुँ, दोलखा, उदयपुर, लमजुङ, स्याङ्जा, रुकुमपश्चिम, धादिङमा वितरण भएको कँडेलले बताउनुभयो।बाख्राकोअनुसन्धानका लागि केन्द्रले विभिन्न ठाउँमा स्रोतकेन्द्र स्थापना गरेको छ । भानु नगरपालिकास्थित बरभञ्ज्याङ, आँबुखैरेनी गाउँपालिकास्थित बरादीमा, घिरिङमा, गोरखाको बक्राङ, स्याङ्जाको पेखुथाना र धादिङको नीलकण्ठमा बाह्य अनुसन्धान केन्द्र स्थापना भएका छन् । त्यसमध्ये बरभञ्ज्याङमा एक सय ५५, बक्राङ गोरखामा १३, बरादी तनहुँमा एक सय ९३, पेखुथाना स्याङ्जामा दुई सय ३२, घिरिङ तनहुँमा ७७, नीलकण्ठ धादिङमा ६३ र निजगढ बारामा ४३ बोरक्रसका पाठापाठी उत्पादन भएका छन् ।

# प्रदेश सांसद गाहामगरद्वारा ‘भारतीपुर–उदयपुर–ढाँसी’ सडक आयोजनाको शिलान्यास

**पोखरापत्र संवाददाता**
नवलपुर, २ असोज



नवलपुरको बुलिङटार गाउँपालिकामा पर्ने ‘भारतीपुर–उदयपुर– ढाँसी’ सडकखण्ड स्तारोन्नतीको शिलान्यास गरिएको छ ।

गण्डकी प्रदेशका पूर्व आन्तरिक मामिला तथा कानूनमन्त्री तथा प्रदेश सभा सदस्य रोशन बहादुर गाहा थापाले एक कार्यक्रमकाबीच शिलान्यास गर्नुभएको हो । सो अवसरमा बोल्दै प्रमुख अतिथिसमेत रहनुभएका गाहामगरले जनतामाफ गरेका प्रतिबद्धतालाई पूर्ण रुपमा कार्यान्वयन गर्न लागिपरेको बताउनुभयो । उहाँले आफ्नो क्षेत्रको विकास र जनताको आवाजलाई सम्बन्धित ठाउँमा लैजाने बताउनुहुँदै सधैं जनमुखी काम गर्न तल्लिन रहेको उल्लेख गर्नुभयो । नवलपुर निर्वाचन क्षेत्र न. १ (ख) बाट निर्वाचित दोस्रो पटक निर्वाचित गाहामगरको पहलमा आर्थिक वर्ष २०८०/०८१ मा उक्त सडक स्तरोन्नतीका लागि ५ करोड बजेट विनियोजन भएको थियो । यस्तै कार्यक्रममा बोल्दै बुलिङटार गाउँपालिकाका अध्यक्ष इन्जिनियर दीपेन्द्र सुनारीमगरले बताउनुभयो । उहाँले उक्त सडकखण्डक करिब ६ किलोमिटर रहेको बताउँदै बुलिङटार गाउँपालिका ६ भित्रको रिङरोडको रुपमा निर्माण भइरहेको बताउनुभयो । ‘यो चाँही हाम्रै ६ नम्बर वडामा पर्छ । तल्लो भेग कालीगण्डकी करिडोर पर्छ । अहिले भइरहेको काम रिङरोडको रुपमा बन्दैछ, उहाँले भन्नुभयो, ‘नाली बनाउने, ग्याबिङ गर्ने, सडक फराकिलो बनाउने, कटान गर्ने काम भइरहेको छ ।’उहाँका अनुसार उक्त सडकस्तरोन्नतीको कामा पूर्वाधार विकास कार्यालयले ठेक्कामा लगाएको हो । सो आयोजना आफ्नै पालिकामा पर्ने भएकाले निर्धारित समयमै काम सक्नेगरी निरन्तर अनुगमन भइरहेको उहाँले बताउनुभयो । उहाँले ‘बस्न योग्य, हेर्न लायक समृद्ध बुलिङटार’ बनाउन आफू प्रतिबद्ध रहेको बताउनुहुँदै यस क्षेत्रकै मुटुको रूपमा रहेको साबिक भारतीपुर रिङरोडको रुपमा ढाँसी–भारतीपुर हुँदै अत्रौली जोड्ने कामलाई पूर्णता दिन आफू अग्रपङ्क्तिमा रहेर काम गर्ने प्रतिबद्धता पनि जनाउनुभएको थियो । यस्तै बुलिङटार गाउँपालिका ६ का वडाध्यक्ष मोहनराज पाठकले वडाको विकासलागि आफु अहोरात्र खटिएको स्मरण गराउँदै सहयोग गर्ने सबैलाई आभार व्यक्त गर्नुभएको थियो ।

आफ्नो क्षेत्रको सांसद गाहामगर, गाउँपालिका प्रमुख सुनारी र वडाध्यक्ष पाठकको कार्यशैली उत्कृष्ट र तदारुपताका साथ काम गरेको भन्दै कार्यक्रममा सहभागि स्थानीयहरुले प्रशंसा गरेका थिए ।

# जलवायु परिवर्तनको असर, पानीको मुहान सुकेपछि रित्तियो ध्ये गाउँ

**रासस**
म्याग्दी, २ असोज

दुई दशक अघिसम्म मानवबस्तीले भरिएको मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका–५ को ‘ध्ये गाउँ’ यतिबेला रित्तिएको छ । गाउँ रित्तिँदै जानुको कारण भने जलवायु परिवर्तन हो ।

जलवायु परिवर्तनका कारण गाउँमा पानीका मुहान सुक्दै गएपछि मानिसहरु बस्ती छाड्न बाध्य भए । पानी खोज्दै हिँड्का उनीका लागि कालान्तरमा आफ्नै थातथलो बिरानो भयो । उनीहरुले गाउँ छाडेपछि बस्ती मात्रै रित्तिएन स्थानीय परम्परा, संस्कृति र इतिहास पनि मेटिँदै गयो । मानिस बस्न छाडेपछि पुराना घरहरु भत्किदै गएका छन् । बस्ती खण्डहर र उराठलाग्दो देखिन्छ । पानी खोज्दै बसाइ सर्नेहरु बढेपछि ध्येको सयौँ हेक्टर खेतीयोग्य जमिन बाँझिएको छ । लोघेकर दामोदरकुण्ड गाउँपालिका–५ का वडाध्यक्ष पासाङ गुरुङले पानीको समस्याका कारण आन्तरिक बसाइसराइ भएपछि ध्ये गाउँमा बस्ने कोही पनि नभएको जानकारी दिनुभयो ।

“सिँचाइ र खानेपानीको मुहान सुकेपछि बस्न सक्ने स्थिति रहेन”, उहाँले भन्नुभयो, “जमिन सबै बाँझो हुँदै गयो । मानिस र पशुले पानी खान नपाएपछि थातथलो छाडेर बसाइ सर्नुपर्ने बाध्यता आएको हो ।” उहाँले आफूले बाल्यकालदेखि नै ध्येमै बिताए पनि अहिले पानीकै कारण छाड्न बाध्य भएको सुनाउनुभयो । खेती किसानी र पशुपालन ध्येवासीको जीविकोपार्जनको मुख्य आधार हो । हिउँदमा हिउँ कम पर्न थालेपछि मुहान सुकेको वडाध्यक्ष गुरुङले बताउनुभयो । “पानीको मुख्य स्रोत नै हिउँ थियो, जलवायु परिवर्तनका कारण भने जति हिउँ पर्न छाड्यो”, उहाँले भन्नुभयो, “भएका प्राकृतिक मुहान सुक्दै गए भने हिउँ कम परेकाले पानीको अभाव चर्कियो ।”

उहाँका अनुसार अहिले स्थानीयहरु बर्खामा भेडा च्याङ्ग्रा चराउनका लागि मात्र गोठ लिएर ध्ये जाने गर्छन् । पानी पर्न छाडेपछि खेतीयोग्य जमिन खेती हुन छाडेको छ । ध्ये साविक सुर्खाङ गाविसको वडा नम्बर ९ पर्दथ्यो । अहिले ध्ये र थामजुङ एउटै वडामा पर्छन् । यहाँ गुरुङ र लोवा जातिका मानिसको बसोबास बाक्लो छ । पानीको अभाव बढ्दै गएपछि तत्कालीन गाविस र जिल्ला विकास समितिले बस्ती स्थानान्तरणको प्रक्रिया अघि बढाएका थिए । सरकारी र दातृ निकायको सहयोगमा नयाँ बस्तीमा पूर्वाधार निर्माण भएको वडाध्यक्ष गुरुङले बताउनुभयो । नयाँ बस्तीमा उनीहरुले स्याउखेती गरिरहेका छन् । “तापक्रम वृद्धि र जलवायु परिवर्तनले सबैभन्दा बढी असर हामीलाई परेको छ”, उहाँले भन्नुभयो ।

ध्ये गाउँ समुन्द्री सतहदेखि करिब चार हजार मिटर उचाइमा छ । ध्येबासी बसाइसराइ गरेको थामजुङस्थित नदी किनारको बस्ती तीन हजार सात सय मिटर उचाइमा छ । उक्त गाउँमा हाल २६ घरधुरीको बसोबास छ । बस्तीसँगै विद्यालय थामजुङमा सारिएको छ । विसं २०६४ देखि नै ध्येवासी बसाइ सरेर बँसीमा रहेको थामजुङमा भर्ने क्रम सुरु भएको थियो । चराङ र सुर्खाङको नजिकै रहेको थामजुङमा खानेपानी, विद्युतलगायत सुविधा छ ।


**सैदी पावर कम्पनी लिमिटेड**
कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५, सम्पर्क नं. ९८४६५१७६६६,
इमेल : saidihydro@yahoo.com

**प्रथम वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८१।०६।०३**

यस कम्पनीको मिति २०८१ साल असोज महिना ०१ गते मंगलबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**
सभा हुने मिति : २०८१।०६।२४
समय : विहान १०:०० बजे
स्थान : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १६, बाटुलीचौर चमेरी गुफामा अवस्थित केभ सिटि रेष्टुरेन्ट

**छलफलको लागि पेश गरिने विषयहरू:**
**क) साधारण प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको नियमावली बमोजिम संस्थापक समुहवाट ४ जना सञ्चालकको निर्वाचन सम्बन्धमा ।
५. एक जना स्वतन्त्र सञ्चालक चयन गर्ने सम्बन्धमा ।
६. कम्पनी सचिवको नियुक्ती गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**
१. कम्पनीले प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) जारी गर्ने सम्बन्धमा ।
२. प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) बाट प्राप्त रकम ऋण तिर्ने सम्बन्धमा ।
३. कम्पनीलाई प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धमा नियमनकारी निकायले प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, फेरबदल, संशोधन, परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक समायोजन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ख) विविध :**

सञ्चालक समितिको निर्णय
बमोजिम
**सञ्चालक अध्यक्ष**